# पूर्वीचौकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. :- ०७५/०७६ सानागाउ, डोटी

च.नं. :- ७ नम्बर प्रदेश, नेपाल

मिति :२०७५/०४/०१

**सामाजिक सुरक्षा भत्ताका लागि नयाँ दर्ता तथा नविकरण गर्ने सम्बन्धि जरुरी सुचना ।**

**सा**माजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ अनुसार आगामी आ.व. देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि कार्यविधिले तोकेको शर्त पुरा गरेका लक्षित वर्गले निम्नानुसार नयाँ नाम दर्ता तथा नाम नविकरण गर्न सम्बन्धि सबैलाई जानकारी गराईन्छ ।

**नयाँ नाम दर्ता :**

१. जेष्ठ नागरिकको हकमा श्रावण देखि मार्ग १५ गते सम्म भत्ता पाउनयोग्य नागरिकहरुको दरखास्त संकलन गरिने छ । यसरी दरखास्त संकलन गर्दा अगामी आ.वं. ०७६/०७७ को फाल्गुण मसान्त सम्म उमेर पुग्नेको उक्त मिति भित्र दरखास्त लिईनेछ । दरखास्त संकलन गरिएका लाभग्राहीहरु मध्ये आ.वं.२०७५/०७६ को असार मसान्त सम्म तोकिएको उमेर पुग्नेले २०७६ श्रावण १ गतेबाट र ०७६/०७७ मा उमेर पुग्नेले जुन चौमासिकमा पुग्ने हो सो भन्दा पछिल्लो चौमासिकबाट भत्ता पाउनेछन् ।

२. एकल/विधवा, अपाङ्गता भएका व्यक्ति तथा दलित बालबालिकाहरुको दरखास्त जुनसुकै बेला पनि लिईनेछ । कार्यविधि अनुसार रित पुगेको यस प्रकारका लाभग्राहीहरुको जुन चौमासिक अवधि भित्र दरखास्त दर्ता हुन्छ सो भन्दा पछिल्लो चौमासिकबाट भत्ता प्राप्त गर्नेछन् । उदाहरणका लागि २०७५ श्रावण १ देखि कार्तिक मसान्त भित्र रितपूर्वक दरखास्त दिने एकल/विधवा, अपाङ्गता भएका व्यक्ति तथा दलित बालबालिकाहरुले २०७५/०७६ को दोश्रो चौमासिक ( २०७५ मार्ग १ ) देखि भत्ता पाउनेछन् ।

३. सामाजिक सुरक्षा भत्ता पाउने प्रयोजनको लागि गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिदा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को अनुसुची ३ को (क), (ख) र (ग) बमोजिमको ढाँचामा निम्नानुसारको कागजात सहितको निबेदन पेश गर्नु गर्नेछ ।

- पासपोर्ट साइजको २ प्रति फोटो ।
- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
- लोग्नेसंग सम्बन्ध विच्छेद भई बसेका ६० बर्ष उमेर पुगेका एकल महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाण-पत्रको प्रतिलिपी र विवाह नगरी बसेका ६० बर्ष उमेर पुगेका एकल महिलाको हकमा नेपाली नागरिकताको प्रमाण -पत्रको प्रतिलिपी ।
- विधवा हकमा पतिको मृत्युदर्ताको प्रतिलिपी
- अपाङ्गताको हकमा महिला तथा बालबालिका कार्यालयबाट जारी भएको अपाङ्गताका परिचय पत्रको प्रतिलिपी ।

**नाम नविकरण :**

१. हालसम्म भत्ता प्राप्त गरिरहेका सबै लाभग्राहीहरुले आगामी आर्थिक बर्षमा पनि भत्ता लिनको लागि यस आ.व.को श्रावण १ देखि मंसिर १५ भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा कार्यविधिको अनुसुची ४ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ । नविकरणका लागि निवेदन नदिने लाभग्राहीहरुको नाम सुचीबाट हटाई आगामी आ.व.मा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन् ।

**सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धि अन्य कार्य सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२, बमोजिम गरिने छ ।**

# पूर्वीचौकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.सं. :- ०७५/०७६ | सानागाउ, डोटी
च.नं. :- | ७ नम्बर प्रदेश, नेपाल